बैठक संख्याः ६६

मिति:२०८३/०५/०९ मंगलबार

समय:बिहान ८:०० बजे

स्थानः कालिका नगरपालिका,चितवन

आज मिति २०८३/०५/०९ गते कालिका नगरपालिकाका नगर प्रमुख श्री विनोद रेग्मीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यज्युहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरुमाथि छलफल गरी निम्नानुसारको निर्णय गरियो।

उपस्थिति

| क्र.सं. | पद/दर्जा | उपस्थित पदाधिकारीको नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री विनोद रेग्मी | |
| २ | नगर उपप्रमुख | श्री बिमला तामाङ | |
| ३ | वडा अध्यक्ष | श्री सन्तविर स्याङदान | |
| ४ | वडा अध्यक्ष | श्री लक्ष्मण पौडेल | |
| ५ | वडा अध्यक्ष | श्री विरेन्द्र तामाङ | |
| ६ | वडा अध्यक्ष | श्री मकरमान श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री दिपक बहादुर भट्टराई | |
| ८ | वडा अध्यक्ष | श्री टिकाराम रेग्मी | |
| ९ | वडा अध्यक्ष | श्री कमलराज मुक्तान | |
| १० | वडा अध्यक्ष | श्री चित्र बहादुर मगर | |
| ११ | वडा अध्यक्ष | श्री निलकण्ठ मगर | |
| १२ | वडा अध्यक्ष | श्री नरजंग प्रजा | |
| १३ | वडा अध्यक्ष | श्री कृष्ण बहादुर प्रजा | |
| १४ | कार्यपालिका सदस्य | श्री सरस्वती खत्री | |
| १५ | कार्यपालिका सदस्य | श्री शान्ती महतो | |
| १६ | कार्यपालिका सदस्य | श्री फाराम कुमारी ढकाल | |
| १७ | कार्यपालिका सदस्य | श्री सम्झना परियार | |
| १८ | कार्यपालिका सदस्य | श्री भुव कुमारी रानामगर | |
| १९ | कार्यपालिका सदस्य | श्री दिपक सिह परियार | |
| २० | कार्यपालिका सदस्य | श्री ज्योती सुनार | |
| २१ | कार्यपालिका सदस्य | श्री धनमाया प्रजा | |
| २२ | सचिव | श्री देवराज चौलागाई | |

# कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### रेडक्रसग्राम,चितवन
## नगर कार्यपालिका बैठक निर्णय

| बैठक संख्याः | ६६ | समयः | ८.०० बजे मंगबार मितिः २०८३/०५/०९ |
|---|---|---|---|
| प्रस्ताव नं | प्रस्ताव गर्ने शाखा | प्रस्ताव | निर्णय |
| १. | भवन तथा बस्ती/शहरी विकास शाखा | भुमिहीन दलित, भुमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने प्रयोजनार्ग क्षेत्र तोक्ने सम्बन्धमा। | कालिका नगरपालिका क्षेत्र भित्र भुमिहीन दलित, भुमिहीन सुकुम्बासी र अव्ययस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने प्रयोजनार्ग यस नगरपालिकाको सम्पूर्ण बस्तीको तहगत क्षेत्र शहरी बाहेकको क्षेत्र कायम गर्ने निर्णय गरियो। |
| २. | भूमि समस्या समाधान शाखा | कालिका नगरपालिका ३ नं वडा कार्यालयबाट भूमिहीन दलित भनि प्रमाणीकरण भई आएका लाभग्राहीको सम्बन्धमा। | भुमिहीन दलित, भुमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधी, २०८३ को दफा १२ बमोजिम ३ नं वडा स्तरिय सहजीकरण समितिको मिति २०८३/०४/१८ तथा वडा समितिको मिति २०८३/४/१९ गतेको निर्णयानुसार भूमीहीन दलित भनी प्रमाणीकरण भई आएका लाभग्राहीको विवरण मिति २०८३/०५/०८ मा बसेको नगर स्तरिय भूमि समस्या सहजीकरण समितिको सिफारिस बमोजिम संलग्न सूचि अनुसारका भुमिहीन दलित संख्या १७ (सत्र) लाई जग्गा उपलब्ध गराउन आवश्यक कारवहि अगाडी वढाउन भूमि समस्या समाधान जिल्ला समिति भरतपुर चितवनमा पठाउने निर्णय गरियो। |
| ३. | भूमि समस्या समाधान शाखा | कालिका नगरपालिका ३ नं वडा कार्यालयबाट भूमिहीन सुकुम्बासी भनि प्रमाणीकरण भई आएका लाभग्राहीको सम्बन्धमा। | भुमिहीन दलित, भुमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधी, २०८३ को दफा १२ बमोजिम ३ नं वडा स्तरिय सहजीकरण समितिको मिति २०८३/०४/१८ तथा वडा समितिको मिति २०८३/४/१९ गतेको निर्णयानुसार भूमीहीन सुकुम्बासी भनी प्रमाणीकरण भई आएका लाभग्राहीको विवरण मिति २०८३/०५/०८ मा बसेको नगर स्तरिय भूमि समस्या सहजीकरण समितिको सिफारिस बमोजिम संलग्न सूचि अनुसारका भुमिहीन सुकुम्बासी संख्या १२७ (एक सय सत्ताइस) लाई जग्गा उपलब्ध गराउन आवश्यक कारवहि अगाडी वढाउन भूमि समस्या समाधान जिल्ला समिति भरतपुर चितवनमा पठाउने निर्णय गरियो। |
| ४. | सामाजिका बिकास | कालिका नगरपालिकाको संस्था दर्ता तथा नियमन कार्यविधि, २०८३ लागू गर्ने सम्बन्धमा | कालिका नगरपालिका क्षेत्रभित्र स्थापना तथा सञ्चालन हुने सामाजिक, सामुदायिक, गैरनाफामूलक तथा जनहितकारी उद्देश्यका संघ–संस्थाहरूको दर्ता, नवीकरण, सूचीकृत, कार्यक्षेत्र व्यवस्थापन, अनुगमन तथा नियमन कार्यलाई व्यवस्थित, सरल, पारदर्शी, उत्तरदायी तथा परिणाममुखी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (ठ) बमोजिम तयार गरिएको "कालिका नगरपालिकाको संस्था दर्ता तथा नियमन कार्यविधि, २०८३" पारित गरी लागू गर्ने निर्णय गरियो। |
| ५ | वनवातावरण तथा विपद शाखा | फोहरमैला व्यवस्थापनका लागि सम्भाव्यता तथा वातावरणीय अध्ययन [illegible] | कालिका नगरपालिकाको वडा नं. ४ र ५ क्षेत्रलाई लक्षित गरी फोहरमैला व्यवस्थापनका लागि सम्भावित स्थान पहिचान गर्ने उद्देश्यले भिमवली तथा पदमपुर सामुदायिक वन क्षेत्रका थप दुई स्थानमा फोहरमैला व्यवस्थापन केन्द्र स्थापना गर्न उपयुक्त हुने वा नहुने सम्बन्धमा आवश्यक सम्भाव्यता अध्ययन तथा वातावरणीय अध्ययन गर्ने निर्णय |

देवराज ... प्रमुख प्रशासकीय अधिकृत

<table>
<tr><td></td><td></td><td>सम्बन्धमा</td><td>गरियो।</td><td></td></tr>
<tr><td>६</td><td>वनवातावरण तथा विपद शाखा</td><td>वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा</td><td>कालिका नगरपालिका, वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०८३/०४/१२ गते बसेको बैठकका सम्पूर्ण निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो।</td><td></td></tr>
<tr><td>७</td><td>भवन तथा बस्ति विकास शाखा</td><td>शहरी विकास तथा भवन नियमन समितिका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा</td><td>कालिका नगरपालिकाको नक्सा पास, सम्पन्न भवन नियमित तथा अभिलेखीकरण ऐन, २०८२ को दफा ३ बमोजिम गठित शहरी विकास तथा भवन नियमन समितिको मिति २०८३/०५/०८ गते बसेको बैठकको सम्पूर्ण निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो।</td><td></td></tr>
<tr><td>८</td><td>प्रशासन शाखा</td><td>भूमि प्रशासन शाखामा कामकाज गर्ने जनशक्तिहरुलाई (कर्मचारी) अतिरिक्त भत्ता (सुबिधा) उपलब्ध गराउने सम्बन्धमा।</td><td>कालिका नगरपालिका चितवनमा मिति २०८३/०४/०१ गते देखि भूमि प्रशासन सेवा सञ्चलनमा ल्याइएको र सो सेवा सञ्चलनका लागि उक्त शाखामा खटाइएका जनशक्तिहरुलाई (कर्मचारी) तलबको १० प्रतिशत नवढने गरी मिति २०८३/०४/०१ गते देखि लागू हुने गरी नगरपालिकाको आन्तरिक श्रोतबाट खर्च लेख्ने गरी अतिरिक्त भत्ता उपलब्ध गराउने निर्णय गरियो।</td><td></td></tr>
<tr><td>९</td><td>राजश्व शाखा</td><td>आय ठेक्का सम्बन्धमा।</td><td>कालिका नगरपालिकाको क्षेत्रभित्रका विभिन्न प्रकारका फलाम, प्लास्टिक, कागज, बोतल, टिन, पुराना सवारीका पार्टपुर्जा तथा अन्य पुनः प्रयोगयोग्य तथा पुनःचक्रिय कवाडी सामग्रीको संकलन तथा निकासीलाई व्यवस्थित गर्न तथा नगरपालिकाको राजस्व वृद्धि गर्ने उद्देश्यले सार्वजनिक प्रतिस्पर्धाबाट आ.व.२०८३/०८४ को लागि आय ठेक्का बन्दोबस्त गर्नका लागि वडाबाट संकलन गरिएको सम्भाव्य विवरण तथा राजश्व शाखाले तयार गरी राजश्व मरामर्श समितिको प्रतिवेदनको आधारमा न्यूनतम ठेक्का रकम रु.३,३५,१५०,५०/- (अक्षरुपी तिन लाख पैतिस हजार एक सय पचास रुपैया पचास पैसा) निर्धारण गर्ने तथा ठेक्का बन्दोबस्तीको कार्य गर्नका लागि स्वीकृत दिने निर्णय गरियो।</td><td></td></tr>
<tr><td>१०</td><td>योजना/पूर्वाधार र विकास शाखा</td><td>कालिका नगरपालिकाद्वारा संचालित विभिन्न योजना तथा कार्यक्रमहरुको म्याद थप सम्बन्धमा।</td><td>यस कालिका नगरपालिकाद्वारा संचालित विभिन्न निर्माण कार्यहरु तोकिएको समय भित्र सम्पन्न हुन नसकी म्याद थप हुन माग राखि निर्माण व्यवसायीहरुबाट निवेदन प्राप्त भएकोमा तपसिलका योजना तथा कार्यक्रमहरु कच्चा पदार्थको अभाव तथा वर्षादको कारणबाट सम्पन्न हुन नसकेकोले सार्वजनिक खरिद नियमावली २०६४ को १५ औ संशोधन समेतका आधारमा म्याद थप हुन प्राविधिक प्रतिवेदन समेत प्राप्त भएको हुँदा तपसिल बमोजिम म्याद थप गर्ने निर्णय गरियो।<br>तपसिलः
<table>
<tr><th colspan="7">म्याद थपका लागि पेश भएका योजना तथा निर्माण व्यवसायीको विवरण</th></tr>
<tr><th>सि. नं.</th><th>योजनाको नाम</th><th>निर्माण व्यवसायीको नाम ठेगाना</th><th>ठेक्का नं.</th><th>म्याद समाप्त भएको मिति</th><th>म्याद थप का लागि निवेदन दिएको मिति</th><th>म्याद थप मिति</th></tr>
<tr><td>१</td><td>चापगौंडी देखि बुड्खोला हुँदै सेरवास सडक स्तरोन्नती</td><td>GRM/ MATA KANKALINI JV kalika -9</td><td>01/Works/NCB /KM/082-083</td><td>२०८३/०२/३१</td><td>२०८३/०३/३२</td><td>२०८३/०६/३०</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | मिना गरहवा घर देखि आत्मज्ञान गुरौटोल कालोपत्रे | Rajnish Construction , Parsa | 28/Works/NCB /KM/082-083 | २०८३/०४/३० | २०८३/०४/११ | २०८३/०९/३० | |
| ३ | कालिका वडा नं. ८ र ९ का विभिन्न सडक स्तरोन्नती | हर हर गंगे कन्स्ट्रक्शन कंपनी प्रा.लि. | 06/Works/NCB /KM/082-083 | २०८३/०१/१५ | २०८३/०४/२५ | २०८३/०९/३० | |
| ४ | कालिका वडा नं. १ र ४ का विभिन्न सडक निर्माण | हर हर गंगे कन्स्ट्रक्शन कंपनी प्रा.लि. | 20/Works/NCB /KM/082-083 | २०८३/०३/२० | २०८३/०४/२५ | २०८३/०९/३० | |
| ५ | कालिका मन्दिर कम्पाउण्ड वाल निर्माण | Artic Engineering Consultancy and construction PVT.Std | 18/Works/NCB /KM/082-083 | २०८३/०३/२० | २०८३/०४/२२ | २०८३/०५/३१ | |
| ६ | कालिका नगरपालिका वुढाथोकी घोल पार्क निर्माण | Artic Engineering Consultancy and construction PVT.Std | 27/Works/NCB /KM/082-083 | २०८३/०३/२० | २०८३/०४/२३ | २०८३/०५/३१ | |
| ७ | खोलेसिमल कमलचोक कलवचोक हुदै शक्तिखोर सडक स्तरोन्नती | शुभारंभ निर्माण सेवा, विरगंन्ज | 04/Works/NCB /KM/082-083 | २०८२/१२/३० | २०८३/०४/२६ | २०८३/०९/३० | |
| ८ | ढोकुन थार्वालिङ गुम्वा पूर्वाधार निर्माण | DRAGON - REGAN Joint ventrue | 38/Works/NCB /KM/077-078 | २०८२/०२/३१ | २०८३/०४/२६ | २०८३/०९/३० | |
| ९ | वडा नं. २ को विभिन्न सडक निर्माण | पवित्र कुश निर्माण सेवा राप्ती चितवन | 07/works/NCB /KM/082-083 | २०८३/०१/०९ | २०८३/०४/२६ | २०८३/०९/३० | |
| १० | वडा नं. ५ को विभिन्न सडक निर्माण | पवित्र कुश निर्माण सेवा राप्ती चितवन | 05/works/NCB /KM/082-083 | २०८३/०१/०९ | २०८३/०४/२६ | २०८३/०९/३० | |
| ११ | वडा नं. ३ को विभिन्न सडक निर्माण | पवित्र कुश निर्माण सेवा राप्ती चितवन | 08/works/NCB /KM/082-083 | २०८३/०१/०९ | २०८३/०४/२६ | २०८३/०९/३० | |
| १२ | वडा नं. १,५ र ६ का विभिन्न सडक निर्माण | कुसुम एण्ड कन्स्ट्रक्शन खैरहनी ३ चितवन | 26/works/NCB /KM/082-083 | २०८३/०३/१५ | २०८३/०४/२६ | २०८३/०९/३० | |

कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रैडाँग्राम, चितवन
बागमती प्रदेश, नेपाल

देवराज चौलागाईं
प्रमुख प्रशासकीय अधिकृत

विनोद
नगर प्रमुख